# संघीय संसद सचिवालय

संसद भवन, सिंहदरवार
काठमाडौं, नेपाल।

पत्र संख्या :-
च.नं :-

## संघीय संसद सचिवालयको

## सूचना

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रतिनिधि सभा प्रत्यक्ष ( पहिलो हुने निर्वाचित हुने) निर्वाचन प्रणालीतर्फ निर्वाचित हुनु भएका माननीय टेक बहादुर गुरुङ्ग (ना. प्र. प. नं. २५४६।८१८६।३६४। काठमाडौं) विरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा ( ०७५-CR-०१६८) मिति २०७५/१०/२१ मा दायर भई विचाराधीन अवस्थामा रहेको र "भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ मा भएको व्यवस्था बमोजिम यस ऐन अन्तर्गतको कसुरको आरोपको सम्बन्धमा कुनै व्यक्तिउपर भएको अनुसन्धान र तहकिकातबाट निजले सो कसूर गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण भएमा अनुसन्धान अधिकारीले भ्रष्टाचार सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न प्रचलित कानुन बमोजिम अधिकार प्राप्त मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ भन्ने व्यवस्था रहेको छ भने ऐ. ऐनको दफा ३३ मा निजउपर दफा ३६ बमोजिम मुद्दा दायर  भएकोमा त्यस्तो राष्ट्र सेवक सो मुद्दाको किनारा नभएसम्म स्वत: निलम्बनमा रहनेछ भन्ने व्यवस्था समेत रहेको पाइन्छ । प्रतिनिधि सभाका सदस्य सार्वजनिक पद धारण गरेको व्यक्ति र राष्ट्रसेवक रहेको भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २(घ) र भ्रष्टाचार निवारण ऐन, २०५९को दफा २(घ) ले स्पष्ट पारेको अवस्था छ ।अत: प्रतिनिधि सभाका सदस्य टेक बहादुर गुरुङ्ग उपरको मुद्दा विशेष अदालतमा विचाराधीन अवस्थामा रहेकोमा उक्त मुद्दा अन्तिम किनारा नभएसम्म स्वत: निलम्बनमा रहने कानुनी व्यवस्था कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा लेखि पठाउने" भनि उक्त आयोगबाट मिति २०७९/९/८ मा निर्णय भएको व्यहोरा उल्लेख गरि आयोगको प.सं. ०७९/०८०, च.नं.२७८२७, मिति २०७९/०९/०८ को पत्र यस सचिवालयमा प्राप्त हुन आएकोले प्रतिनिधि सभाका माननीय सदस्य श्री टेक बहादुर गुरुङ्ग भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३३ बमोजिम मिति २०७९/०९/०८ देखि स्वत: निलम्बन हुनु भएकोले यो सूचना प्रकाशन गरिएको छ ।

मिति २०७९/०९/१२

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव